# घरपझोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय, मुस्ताङ

## आ.व.२०७९/०८० को
## लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशीकरण बजेट परीक्षण




तयार गर्ने

सस्टेनेवल कम्युनिटी एकाउन्टबिलिटी रिसर्च सेन्टर

बेसीशहर, लम्जुङ

## गाउँपालिकाको संक्षिप्त जानकारी :

नेपालको संविधान २०७२ बमोजिम २०७३ सालमा साविक मार्फ गा.वि.स., जोमसोम गा.वि.स. र टुकुचे गा.वि.स.को वडा नं.८ र ९ लाई समावेश गरी घरपझोङ गाउँपालिका नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा घोषणा गरिएको हो । यस गाउँपालिकालाई ५ वटा वडाहरुमा विभाजित गरिएको छ । गण्डकी प्रदेश अर्न्तगतको हिमाली जिल्ला मुस्ताङको सदरमुकाममा रहेको यस गाउँपालिकाको सिमाना उत्तरमा वारगुङ मुक्तिक्षेत्र गाउँपालिका, दक्षिणमा थासाङ गाउँपालिका र म्याग्दी जिल्ला त्यसैगरी पश्चिममा डोल्पा जिल्ला र पूर्वमा मनाङ जिल्लाको सिमानामा रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार घरपझोङ गाउँपालिकाको जनसंख्या देहाय बमोजिम रहेको छ ।

| वडा नं. | घरधुरी | जनसंख्या जना | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| १ | ६५ | ११७ | १०० | २१७ |
| २ | १९३ | ३५२ | ३३१ | ६८३ |
| ३ | २९६ | ५८५ | ५०० | १०८५ |
| ४ | ४१५ | ६३७ | ५७७ | १२१४ |
| ५ | १५८ | २५२ | २६१ | ५१३ |
| **जम्मा** | **११२७** | **१९४३** | **१७६९** | **३७१२** |

गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिहरुको विवरण विद्युतीय माध्यमद्वारा प्रतिवेदन तयार गरी सम्बन्धी निकायमा पठाई निकासा प्राप्त भएपछि बैंक मार्फत वितरण गरिएको कुरा सूचना प्रविधि अधिकृत श्री सुजिता थकालीद्वारा जानकारी प्राप्त हुन आएको छ भने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने दलित जनजाति, एकल महिला, आपाङ्गता र जेष्ठ नागरिकहरुको विवरण देहाय बमोजिम रहेको छ ।

| भत्ता प्राप्त गर्नेको विवरण | भत्ता लिनेको संख्या | भत्ता बुझेको रकम रु. |
|---|---|---|
| जेष्ठ नागरिक | ३०९ जना | १,४०,७९,५०५।० |
| एकल, विधवा महिला | ६९ जना | २२,०५,६७२।० |
| अपाङ्गता | २२ जना | ६,९५,८५७।० |
| दलित बालबालिका पोषण | ५१ जना | ३,१७,१५४।० |
| **जम्मा** | **४५१ जना** | **१,७२,९८,१८८।०** |

## गाउँ कार्यपालिकाका पदाधिकारीहरुको नामावली देहाय बमोजिम रहेको छ :

१. गाउँपालिका अध्यक्ष श्री मोहन सिंह लालचन
२. गाउँपालिका उपाध्यक्ष श्री जमुना थापा मगर
३. वडा अध्यक्ष वडा नं.१ श्री आसबहादुर थकाली
४. वडा अध्यक्ष वडा नं.२ श्री मनबहादुर हिराचन

५. वडा अध्यक्ष वडा नं.३ श्री फलेन्द्रप्रसाद थकाली
६. वडा अध्यक्ष वडा नं.४ श्री यमप्रसाद थकाली
७. वडा अध्यक्ष वडा नं.५ श्री प्रदिप थकाली
८. कार्यपालिका सदस्य श्री मणि वि.क.
९. कार्यपालिका सदस्य श्री वुद्ध हिराचन
१०. कार्यपालिका सदस्य श्री राजुप्रसाद लालचन
११. कार्यपालिका सदस्य श्री अनिता घताने
१२. कार्यपालिका सदस्य श्री भिषण थकाली
१३. प्रमुख प्रशासकीय अधिकृत एवं सचिव श्री वेदहरि अधिकारी
१४. शिक्षा अधिकृत एव सूचना अधिकारी श्री हिमलाल शर्मा
१५. महिला विकास अधिकृत एव लैङ्गिक फोकल पर्सन श्री सरिता थकाली
१६. सूचना प्रविधि अधिकृत श्री सुजिता थकाली

## प्रारम्भिक प्रतिवेदन प्रस्तुतीकरण कार्यक्रम :

परामर्शदाता संस्थाद्वारा मिति २०८० कात्तिक १९ गतेका दिन गाउँपालिकाको हलमा लैङ्गिक उत्तरदायी तथा समावेशीकरण बजेट परीक्षण सम्बन्धी प्रारम्भिक प्रतिवेदन उपर छलफल एवं अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रमको सञ्चालन महिला विकास शाखाकी अधिकृत एवं लैङ्गिक फोकल पर्सन श्री सरिता थकालीले गर्नु भएको थियो भने कार्यक्रमको अध्यक्षता गाउँपालिकाका अध्यक्षज्यूबाट भएको थियो । प्रस्तुतीकरणमा संस्थाका सहजकर्ता श्री कुमार कंचन जि.सी. र सन्तोष दनाईबाट भएको थियो । साथै उक्त छलफल कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृतज्यूबाट परीक्षणको उद्देश्य माथि प्रकाश पारी स्वागत मन्तव्य राख्नु भएको थियो । उक्त कार्यक्रममा गाउँपालिकाका उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु र शाखा प्रमुख लगायत अन्य कर्मचारीहरुको समेत सक्रिया सहभागिता रहेको थियो ।

## सार संक्षेप :

नेपालको संविधान २०७२ मा राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीति अन्तर्गत महिला, दलित, आदिवासी जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अल्पसंख्यक समुदाय र पिछडिएका क्षेत्र लगायतले भोग्नु परेका समस्याहरूलाई सम्बोधन गर्न राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनः संरचना गर्ने प्रावधान राखिएको छ । राज्य संरचनाका सबै अङ्गहरूमा मधेशी, दलित, आदिवासी जनजाति, महिला, पिछडा वर्ग, मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएको समुदाय तथा क्षेत्र सबैलाई समानुपातिक समावेशीका आधारमा सहभागी गराउने प्रतिबद्धता व्यक्त गरिएको छ । नेपालको समग्र विकास कार्यलाई नीतिगत मार्गदर्शन गर्ने त्रिवर्षीय योजना जस्ता नीति कार्यान्वयन गर्न वार्षिक रुपमा जारी हुने नेपाल सरकारका नीति तथा कार्यक्रमहरू, बजेट वक्तव्यहरू र विभिन्न कानुनी दस्तावेजहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुद्दाहरूलाई

सम्बोधन गर्दै राष्ट्रिय प्राथमिकता दिइएको छ । यस प्रावधानलाई मध्यनजर राख्दै यस गाउँपालिकाको लैङ्गिक उत्तरदायी तथा समावेशीकरण बजेट परीक्षण गरिएको हो ।

## लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशीकरण  बजेट परीक्षण विधि :

संस्थागत लेखाजोखाको लागि प्रयोग गरिने विधिमा गाउँपालिकाको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशीकरण विकास, लैङ्गिक तथा सामाजिक समावेशी उत्तरदायी कार्यक्रम, आन्तरिक संरचना र मानव संशाधन, सम्बन्ध विस्तार तथा नेपाल सरकारका प्रतिवद्धताहरू गरी प्रमुख आठ वटा शीर्षकहरू भित्रका उपशीर्षकहरूमा छलफल गरिएको थियो । ती उपशीर्षकलाई प्रष्ट बनाउनका लागि प्रत्येक उपशीर्षकमा प्रश्नहरू राखिएका थिए । तीनै प्रश्नहरूको आधारमा गाउँपालिकाका कर्मचारी तथा जनप्रतिनिधिहरुसँग छलफल गरिएको थियो । छलफलको आधारमा उक्त बुँदामा राम्रो देखिएमा १, मध्यम देखिएमा ०.५ र सुधार गर्नुपर्ने देखिएमा वा नभएमा ० अङ्कहरू प्रदान गरिएको छ ।

अन्तमा विभिन्न शीर्षकहरूमा प्राप्त अङ्कहरूलाई माकुरीजालोको चित्र (Spider Diagram) बनाई सहभागीहरू माझ उक्त नमूना चित्र प्रस्तुत गरिएको थियो । सो चित्रले देखाएका राम्रा पक्षहरूलाई निरन्तरता दिंदै कमजोर पक्षहरूलाई सुधार गर्दै आगामी दिनहरूमा गाउँपालिकालाई एक आदर्श निकायको रुपमा स्थापित गर्न आवश्यकताहरूको पहिचान गरी लैङ्गिक तथा सामाजिक समावेशी विकासका लागि एकीकृत कार्ययोजना बनाई अगाडि बढाउन यो लैङ्गिक तथा सामाजिक समावेशी संवेदनशील संस्थागत लेखाजोखाले मद्दत पुऱ्याउनेछ ।

## परीक्षणका प्रक्रियाहरू :

### १. तयारी चरण :

लै.स.सा.स. कार्यान्वयन समितिको बैठक बस्ने, लै.स.सा.स. परीक्षणको लागी सहभागीहरू तोक्ने, लै.स.सा.स. कार्यशाला गोष्ठी सञ्चालनको लागि मिति, स्थान, समय अवधि तोकेर गाउँपालिकाको दस्तावेजहरू (जस्तै वार्षिक योजना, आवधिक योजना, वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासिक/वार्षिक समीक्षाको प्रतिवेदन, विकास बुलेटिन, गाँउ प्रोफाइल, विभिन्न समयमा भएका निर्णयहरू आदिको लै.स.सा.स.को दृष्टिकोणबाट विश्लेषण र पुनरावलोकन गरी प्रारम्भिक प्रतिवेदन तयार पारिएको थियो ।

### २. कार्यान्वयन चरण :

गाउँपालिकाको सबै शाखाका कर्मचारीहरूको सहभागितामा २०८० कात्तिक १९ गते लेखाजोखाको लागि निर्देशिकामा तोकिएको ढाँचा अनुसारको प्रश्नावलीहरूमा छलफल गरी अङ्क दिइएको थियो । त्यसबाट प्राप्त नतिजालाई माकुरी जालोमा चित्रण गरी २०८० कात्तिक २० गते गाउँपालिकाका जनप्रतिनिधिज्यूहरु, सम्पूर्ण शाखा तथा उपशाखाका कर्मचारीहरुको भेलामा प्रस्तुतीकरण गरिएको थियो । प्रश्नावलीमा आधारित भएर छलफल गर्दा काम सम्पन्न भएकोलाई १ अङ्क, आंसिक

सम्पन्नलाई ०.५ र कुनैपनि काम नभएकोलाई ० अङ्क प्रदान गरिएको थियो । पूर्णाङ्क अङ्क प्राप्तलाई सवल पक्ष र त्यसभन्दा कम प्राप्ताङ्कलाई सुधार गर्नुपर्ने पक्षमा राखिएको छ ।

पहिचान गरिएका सुधार गर्नुपर्ने पक्षहरूलाई समाधान गर्ने हिसाबले कार्ययोजना तयार गरिएको छ । यस कार्ययोजनालाई गाउँपालिकाले नियमित अनुगमन गरी सुधार भएका पक्षहरूलाई माकुरी जालोमा थप्दै उपलब्धिहरूलाई आङ्कलन गर्नुपर्ने हुन्छ । साथै सुधार गर्नुपर्ने पक्षहरूलाई पुनः कार्ययोजना बनाई निरन्तर कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

### ३. प्रतिवेदन चरण :

गाउँपालिका लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशीकरण बजेट तर्जुमा एवं परीक्षण निर्देशिकामा उल्लेख भएको लै.स.सा.स. परीक्षणको परिच्छेदमा उल्लेख भएको प्रगति प्रतिवेदनको ढाँचामा प्रतिवेदन तयार पारिएको छ । लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण गर्दा सहभागीहरू बीच भएको छलफलबाट आएको निचोडलाई प्रतिवेदनको प्रमुख प्राप्तिको खण्डमा उल्लेख गरिएको छ ।

## लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशीकरण परीक्षणबाट आएका प्रमुख प्राप्तिहरू :

### (१) गाउँपालिकाको नीति र योजनामा लैङ्गिक तथा सामाजिक समावेशीकरण विकास :

(१.१) गाउँपालिकाको नीतिमा महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण सम्बन्धी स्पष्ट दीर्घकालीन सोंच वा परिकल्पना भएको तर परिकल्पना र दीर्घकालीन सोंचले पारेको प्रभावलाई सूचकको आधारमा समीक्षा नगरेको पाइयो ।

(१.२) गाउँपालिकामा लैङ्गिक विकास हेर्ने इकाइको व्यवस्था नगरेको तथा महिला विकास शाखाबाट लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन गर्ने गरेको देखियो । तर लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन नगरिएको पाइयो ।

(१.३) महिला कर्मचारीहरूको गर्भावस्था र बच्चालाई स्तनपान सम्बन्धी संवेदनशीलतालाई ध्यान दिई बच्चालाई स्तनपान गराउने स्थान नभएको पाइयो ।

### (२) गाउँपालिकाको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशीकरण कार्यक्रमको मूलप्रवाहीकरण :

(२.१) गाउँपालिकाका पदाधिकारी/कर्मचारीहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्बन्धी तालिमको लागि आवश्यक पर्ने बजेटको व्यवस्था अझै पर्याप्त मात्रामा नगरिएको पाइयो ।

(२.२) उपभोक्ता समितिमा ३३ प्रतिशत महिलाहरूको सहभागिता गराउने गरिएको र मुख्य पदमा महिलालाई राख्ने गरेको पाइयो ।

(२.३) गाउँपालिकाको क्षमता विकास योजना तयार भएको र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको पदाधिकारी, महिला समन्वय समिति एवं लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिहरूको क्षमता विकासको व्यवस्था नभएको पाइयो । साथै क्षमता विकास योजना बमोजिम कार्य नभएको र नगरेको पाइयो ।

**(३) लक्षित कार्यक्रम :**

(३.१) गाउँपालिकाको योजना लक्षित समूहहरूले तयार गरेको कार्यक्रममा आधारित हुने गरेको तर आफ्नो क्षेत्रका लक्षित समुदायको खण्डीकृत तथ्याङ्क सङ्कलन गरी हरेक वर्ष अद्यावधिक गर्ने नगरेको पाइयो ।

(३.२) महिलाहरूको लागि कानुनी शिक्षा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने गरेको तर महिलाहरूको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरू जस्तैः सुत्केरी हुँदाको अवस्था सुधार गर्न, किशोरीहरूको लागि प्रजनन र यौन शिक्षा आदान प्रदान गर्न, एच.आई.भी. एड्स, स्तन क्यान्सर, पाठेघरको क्यान्सर र आङ्ग खस्ने अवस्था सुधार गर्न स्वास्थ्य शिविरहरू पर्याप्त मात्रामा राखिएको पाइयो ।

(३.३) परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्ने गराउने भए तापनि त्यस्ता कार्यक्रमहरुको अभिलेख अद्यावधिक गरेको पाइयो ।

**(४) लैङ्गिक सामाजिक समावेशी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन :**

(४.१) योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समूहहरूको छुट्टा छुट्टै अवस्था विश्लेषण र अवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय नगरेको पाइयो ।

(४.२) गाउँपालिकाले कार्यक्रम तथा परियोजना कार्यान्वयनबाट सम्बन्धित समुदायले पूरा लाभ लिन नसकेको पाइयो ।

(४.३) गाउँपालिकामा अनुगमन, मूल्याङ्कन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका कार्यक्रमको सञ्चालनबाट महिला र पुरुष तथा विभिन्न जातजातिलाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण अझै प्रभावकारी रुपमा नगरिएको पाइयो ।

**(५) आन्तरिक संरचना :**

(५.२) महिला विकासको लागि छुट्टै कोष स्थापना गरिएको पाइयो । तर वार्षिक रुपमा बजेट विनियोजन गर्ने गरेको देखिएन ।

(५.३) महिला समन्वय समिति, आदिवासी जनजाति गाउँ समन्वय समिति, दलित वर्ग उत्थान गाउँ समन्वय समिति, बाल क्लब पिछडा वर्ग गाउँ समन्वय समितिको गठन गरी गाउँपालिकाको योजना प्रक्रियामा यस्ता समितिको सक्रिय सहभागिता सुनिश्चित नगरिएको पाइयो । तर यसका लागि वडा तहमा दलित महिला सदस्यहरुको परिचालन गरेको भने देखिन्छ ।

**(६) सुशासन :**

(६.१) गाउँपालिकाले महिला, बालबालिका र आदिवासी जनजाति, मधेशी, मुश्लिम, पिछडा वर्ग, दलित, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिकलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट वार्षिक कार्यक्रम पुस्तिका मार्फत  सार्वजनिक गर्ने गरेको तर खण्डीकृत तथ्याङ्कलाई कम्प्यूटरकृत गरिएको पाइयो ।

(६.२) गाउँपालिकाले सूचना तथा अभिलेख केन्द्र स्थापना गरी खण्डीकृत तथ्याङ्क र सूचनालाई आधारमानी गाउँ विकास योजना तर्जुमा गर्ने गरेको पाइएन ।

(६.३) गाउँपालिकाले रेडियो, एफ.एम. र छापा माध्यमद्वारा सूचना प्रवाह गरी जनतालाई सुसूचित गर्ने नगरेको पाइयो । मुस्ताङ जिल्ला भित्र पर्याप्त रेडियो र पत्रपत्रिका सञ्चालनमा नआए पनि छिमेकी जिल्लाहरुको सञ्चार माध्यममा भने सूचना प्रवाह हुने गरेको देखियो ।

**(७) मानव संशाधन र सम्बन्ध विस्तार :**

(७.१) गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्बन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय श्रोत नभएको र बाहिरका श्रोत व्यक्ति (महिला, पुरुष) हरूको सूचीकृत गरी अभिलेख नराखिएको पाइयो ।

(७.२) लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरू बीच कार्यगत छलफल गरी यस क्षेत्रको विकासको लागि नियमित रुपमा कार्य हुने गरेको पाइएन ।

(७.३) लैङ्गिक मूल प्रवाहीकरण तथा सामाजिक समावेशीकरण लागि गाउँपालिकाका अल्पकालीन ( वार्षिक) र दीर्घकालीन (बहुवार्षिक) योजना तयार पारेको पाइएन ।

**(८) नेपाल सरकारका लैङ्गिक तथा सामाजिक विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन :**

(८.१) महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका बाह्र वटा प्रतिवद्धताहरूका बारेमा गाउँपालिकाका पदाधिकारीहरू वा कर्मचारीहरूलाई जानकारी भएको तर अभिमुखीकरण कार्यक्रम सञ्चालन नगरिएको पाइयो ।

(८.२) लैङ्गिक हिंसा रहित वडा/गाउँपालिका/घोषणा गर्दै जानुपर्ने नीतिगत व्यवस्था हुनुपर्नेमा सो व्यवस्था गरेको देखिएन ।

(८.३) महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धी कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्र संघीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा गाउँपालिकाको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन गर्नुपर्ने देखियो ।

## उपसंहार :

नेपालमा संघीयता कार्यान्वयन पश्चात् दोस्रो कार्यकालका लागि निर्वाचित स्थानीय तहको निर्वाचनसँगै गण्डकी प्रदेश अर्न्तगत रहेको हिमाली जिल्लाको रुपमा रहेको गाउँपालिकाले लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण गर्दा ५२ अङ्क ल्याउन सफल हुनु आफैमा उपलब्धि हुन आउँछ । समग्र नतिजालाई माकुरी जालोमा प्रस्तुत गरी हेर्दा मानव संशाधन र सम्बन्ध विस्तारमा ज्यादै कमजोर अवस्था रहेको पाइन्छ भने सबैभन्दा राम्रो अवस्था लक्षित कार्यक्रममा रहेको पाइयो । स्थानीय तहको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी र नेपाल सरकारका लैङ्गिक तथा सामाजिक नीति र प्रतिवद्धताको कार्यान्वयनमा पनि विशेष जोड दिनुपर्ने देखिन्छ । यस परीक्षण पश्चात् निर्माण गरिएको कार्ययोजना अनुसार काम गरिएको खण्डमा यस गाउँपालिकाको भविष्य उज्वल हुने देखिन्छ ।

## परिच्छेद १

## १.१ परिचय :

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कायम गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्रका विकासका लागि आवधिक र वार्षिक योजना तर्जुमा गर्दा महिला र बालबालिका तथा पिछडिएको समुदायको विकासको लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । नेपाल सरकारको आर्थिक वर्ष २०७९/२०८० को बजेट वक्तव्यमा उल्लेख भएका लैङ्गिक उत्तरदायी बजेट तर्जुमा गर्ने व्यवस्थालाई संस्थागत गरिएको थियो भन्ने नीतिलाई कार्यान्वयन एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ एवं गण्डकी प्रदेश सरकार र स्वयं स्थानीय तहले जारी गरेका विभिन्न ऐन, नियम तथा कार्यविधिमा भएको व्यवस्था अनुसार मूलतः स्थानीय तहमा लैङ्गिक तथा समावेशीकरण विकास पक्षलाई विकास एवं प्रवर्द्धन गर्न नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र गण्डकी प्रदेश मुख्यमन्त्रीको कार्यालयले स्थानीय तहको लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशीकरण बजेट तर्जुमा एवं परीक्षण निर्देशिका स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कायम गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रका विकासका लागि आवधिक र वार्षिक योजना तर्जुमा गर्दा महिला, सामाजिक तथा आर्थिक रुपमा पछाडि परेका विपन्न समुदाय र बालबालिकाका लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाको लागि जारी गरिएको सो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८ ले राखेका नीतिगत व्यवस्थाहरूको कार्यान्वयनको लागि भएको प्रक्रियागत मार्गदर्शन स्थानीय तह लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका, २०७८ ले गरेको हो ।

घरपझङ गाउँपालिकाले लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी क्षेत्रमा गरेको लगानीको लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशीकरण परीक्षण गरी यो प्रतिवेदन तयार गरिएको छ । लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशीकरण बजेट भन्नाले स्थानीय तहको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, लैङ्गिक यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढङ्गले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ । यस वाक्यांशले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक ढङ्गले, योजनावद्ध रुपमा लै.स.सा.स. विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनु पर्छ ।

## १.२. उद्देश्य :

गाउँपालिकाले आ.व.२०७९।०८० मा गरेको लगानीबाट विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला र पुरुष बीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैङ्गिक

समानता तथा समावेशीकरण विकास गर्न तय गरिएको बजेट र कार्यक्रम मार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गर्नु यस परामर्श सेवाको मुख्य उद्देश्य हुनेछ । यसका विशिष्ट उद्देश्यहरूमा निम्न लिखित उद्देश्यहरू पर्दछन् :

(क) गाउँपालिकाको आवधिक र वार्षिक योजनामा लैङ्गिक मूलप्रवाहीकरण एवं सामाजिक समावेशीकरण संस्थागत भए नभएको हेर्ने ।

ख) लैङ्गिक समानता तथा समावेशीकरणको लक्ष्यलाई गाउँपालिकाको संरचना र कार्ययोजनामा स्थान पाए नपाएको हेर्ने ।

ग) गाउँपालिकाको श्रोत परिचालन, बजेट विनियोजन तथा खर्चलाई लैङ्गिक तथा सामाजिक समावेशीकरण दृष्टिले अनुगमन तथा मूल्याङ्कन गर्ने ।

घ) लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा गर्दा दीगो विकासका लक्ष्यहरूलाई प्राप्त गर्न सक्ने नसक्ने अध्ययन गर्ने ।

## १.३. लैगिंक उत्तरदायी तथा समावेशीकरण बजेट परीक्षण विधि :

लैङ्गिक समानता तथा समावेशीकरण विकास गर्न तय गरिएको बजेट र कार्यक्रम मार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गर्न  निम्नानुसार विधि अपनाइने छ :

### (क) सन्दर्भ सामग्री समीक्षा र अध्ययन :

लै.स.सा.स. कार्यान्वयन समितिको बैठक बस्ने, लै.स.सा.स. परीक्षणको लागि सहभागीहरू तोक्ने, लै.स.सा.स. कार्यशाला गोष्ठी सञ्चालनको लागि मिति, स्थान, समय अवधि तोकेर गाउँपालिकाको दस्तावेजहरू (जस्तै वार्षिक योजना, आवधिक योजना, वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासिक/वार्षिक समीक्षाको प्रतिवेदन, विकास बुलेटिन, गाउँ, प्रोफाइल, विभिन्न समयमा भएका निर्णयहरू आदिको लै.स.सा.स.को तर्फबाट विश्लेषण र पुनरावलोकन गरी प्रारम्भिक प्रतिवेदन तयार पारिएको थियो ।

### (ख) कार्यशाला गोष्ठी सञ्चालन :

गाउँपालिकाको सबै शाखाका कर्मचारीहरु र सम्पूर्ण निर्वाचित जनप्रतिनिधिहरूको सहभागितामा २०८० कात्तिक २० गते लेखाजोखाको लागि निर्देशिकामा तोकिएको ढाँचा अनुसारको प्रश्नावलीहरूमा छलफल गरी अङ्क दिइएको थियो । त्यसबाट प्राप्त नतिजालाई माकुरी जालोमा चित्रण गरी सोही दिन गाउँपालिकाका कर्मचारी, जनप्रतिनिधिहरुको बृहत भेलामा प्रस्तुतीकरण गरिएको थियो । प्रश्नावलीमा आधारित भएर छलफल गर्दा काम सम्पन्न भएकोलाई १ अङ्क, आंसिक सम्पन्नलाई ०.५ र कुनैपनि काम नभएकोलाई ० अङ्क प्रदान गरिएको थियो । पूर्णाङ्क अङ्क प्राप्तलाई सवल पक्ष र त्यसभन्दा कम प्राप्ताङ्कलाई सुधार गर्नुपर्ने पक्षमा राखिएको छ ।

पहिचान गरिएका सुधार गर्नुपर्ने पक्षहरूलाई समाधान गर्ने हिसाबले कार्ययोजना तयार गरिएको छ । यस कार्ययोजनालाई गाउँपालिकाले नियमित अनुगमन गरी सुधार भएका पक्षहरूलाई माकुरी जालोमा थप्दै उपलब्धिहरूलाई आङ्कलन गर्नुपर्ने हुन्छ । साथै सुधार गर्नुपर्ने पक्षहरूलाई पुनः कार्ययोजना बनाई निरन्तर कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

**अन्तमा :** विभिन्न शीर्षकहरूमा प्राप्त अङ्कहरूलाई माकुरी जालोको चित्र (Spider Diagram) बनाई सहभागीहरू माझ उक्त नमूना चित्र प्रस्तुत गरिएको थियो । सो चित्रले देखाएका राम्रा पक्षहरूलाई निरन्तरता दिंदै, कमजोर पक्षहरूलाई सुधार गर्दै आगामी दिनहरूमा गाउँपालिकालाई एक आदर्श निकायको रुपमा स्थापित गर्न आवश्यकताहरूको पहिचान गरी लैङ्गिक तथा सामाजिक समावेशी विकासका लागि एकीकृत कार्ययोजना बनाई अगाडि बढाउन यो लैङ्गिक तथा सामाजिक समावेशी संवेदनशील संस्थागत लेखाजोखा गरिएको थियो ।

### (ग) प्रतिवेदन तयारी

गाउँपालिका लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशीकरण बजेट तर्जुमा एवं परीक्षण निर्देशिकामा उल्लेख भएको लै.स.सा.स. परीक्षणको परिच्छेदमा उल्लेख भएको प्रगति प्रतिवेदनको ढाँचामा प्रतिवेदन तयार पारिएको छ । पहिचान गरिएका सुधार गर्नुपर्ने पक्षहरूलाई समाधान गर्ने हिसाबले कार्ययोजना तयार गरिएको छ । लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशीकरण परीक्षण गर्दा सहभागीहरू बीच भएको छलफलबाट आएको निचोडलाई प्रतिवेदनको प्रमुख प्राप्तिको खण्डमा उल्लेख गरिएको छ ।

## परिच्छेद २

## २.१. लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण तथा विश्लेषण

गाउँपालिकाको सामाजिक उत्तरदायित्व तथा सामाजिक समावेशीकरणका क्षेत्रमा लगाव, लगानी एवं भावी सोंच तथा दृष्टिकोणको मौजुदा अवस्थाको लेखाजोखा गर्ने कानुनी प्रावधान अनुसार परीक्षण कार्य सम्पन्न भयो । स्थानीय तहको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास, स्थानीय तहको क्षमता विकास योजनामा, लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूलप्रवाहीकरण, लक्षित कार्यक्रमहरु, लैङ्गिक तथा सामाजिक समावेशी योजना तर्जुमा कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, आन्तरिक संरचना, सुशासन, मानव संशाधन, सम्बन्ध विस्तार र नेपाल सरकारका सामाजिक समावेशीका विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन गरी कुल ८ क्षेत्रमा गाउँपालिकाले आर्थिक वर्ष २०७९/०८० मा गरेका क्रियाकलाप एवं गतिविधिको लेखाजोखा गर्दा कुल ५२ अङ्क प्राप्त गरेको छ । क्षेत्रगत सूचकहरुको आधारमा भन्नुपर्दा सबैभन्दा उच्च अङ्क (९) लक्षित कार्यक्रममा प्राप्त गरेको छ । सबैभन्दा कम अङ्क (३) मानव संशाधन र सम्बन्ध विस्तारमा प्राप्त गरेको छ । मूल्याङ्कनको विस्तृत विवरण तालिका १ मा प्रस्तुत गरिएको छ ।

**तालिका १: लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण विधि**

| क्र.सं. | सूचक तथा उप–सूचकहरु | अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | गाउँपालिकाको नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (आवधिक र वार्षिक योजनामा) | १२ | ९ |
| १.१ | गाउँपालिकाको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (आवधिक र वार्षिक योजनामा) | ४ | **२.५** |
| क | गाउँपालिकाको नीतिमा महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण सम्बन्धी स्पष्ट दीर्घकालीन सोंच वा परिकल्पना छ/छैन? | ०–१ | ०.५ |
| ख | गाउँपालिकाको उद्देश्यले महिला र पुरुष बीच समानता तथा सामाजिक समावेशीकरणका कुराहरूलाई समेटेको छ/छैन? | ०–१ | १ |
| ग | महिला र पुरुष बीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि संस्थाको निश्चित कार्यनीति छ/छैन? | ०–१ | ०.५ |
| घ | महिला र पुरुष बीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि संस्थाको निश्चित रणनीति छ/छैन? | ०–१ | ०.५ |
| १.२ | महिला पुरुष समविकास (कर्मचारी/पदाधिकारी) | ४ | **३.५** |
| क | गाउँपालिकाका कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, वर्ग, लिङ्ग र समुदायका बीच समावेशीकरण हुने गरी कर्मचारीहरूको प्रतिनिधित्व हुन सक्ने रणनीति लिइएको छ/छैन? | ०–१ | १ |
| ख | गाउँपालिकामा लैङ्गिक विकास हेर्ने इकाइको व्यवस्था छ/छैन? (लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति) | ०–१ | ०.५ |

| क.सं. | सूचक तथा उप–सूचकहरु | अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| ग | गाउँपालिकाको निर्णायक तहमा (कर्मचारी/पदाधिकारी) महिलाहरूको समान (५० र ५०) प्रतिनिधित्व रहेको छ/छैन? | ०–१ | १ |
| घ | महिला तथा पुरुष कर्मचारीहरूको संख्यामा समानता छ/छैन? (गाउँपालिकाले नियुक्ति गर्नेको हकमा मात्र लागू हुने) | ०–१ | १ |
| १.३ | लैङ्गिक तथा समावेशी संवेदनशील कार्य प्रणाली | ४ | ३ |
| क | महिला कर्मचारीहरूको गर्भावस्था र बच्चालाई स्तनपान सम्बन्धी संवेदनशीलतालाई ध्यान दिने गरिएको छ/छैन? (गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा लगाउन नपाइने) | ०–१ | १ |
| ख | महिला र पुरुषका लागि अलग्गै शौचालयको व्यवस्था छ/छैन? | ०–१ | १ |
| ग | कार्यालयमा हुन सक्ने महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागू गरिएको छ/छैन? | ०–१ | ० |
| घ | महिला माथि हिंसा भएमा तत्काल सुनुवाईको व्यवस्था छ /छैन? | ०–१ | १ |
| २. | गाउँपालिकाको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूल प्रवाहीकरण | १२ | ६ |
| **२.१** | **लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास बजेट** | ४ | **०.५** |
| क | गाउँपालिकाका पदाधिकारी/कर्मचारीहरूले लैङ्गिक तथा समावेशी विकास सम्बन्धी तालिम लिएका छन् वा छैनन् | ०–१ | ० |
| ख | तालिम/अनुशिक्षण/गोष्ठी सञ्चालन गर्न गत वर्ष पर्याप्त रकमको व्यवस्था थियो वा थिएन (पर्याप्त रकम भन्नाले सबै पदाधिकारी/कर्मचारीदेखि वडा सचिव र सामाजिक परिचालकहरूसम्मलाई तालिम दिन आवश्यक पर्ने रकम) | ०–१ | ०.५ |
| ग | त्यो तालिममा महिला र पुरुषको समान सहभागिताको सुनिश्चितता गरेको थियो वा थिएन? | ०–१ | ० |
| घ | तालिमका विषय वस्तुको प्रस्तुतीकरणमा लैङ्गिक संवेदनशील भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने गरिएको छ? | ०–१ | ० |
| **२.२** | **क्षमता विकास कार्यक्रममा महिला पुरुष सहभागिता** | ४ | ३ |
| क | उपभोक्ता समितिमा ३३ प्रतिशत महिलाहरूको सहभागिता छ? | ०–१ | १ |
| ख | उपभोक्ता समितिका महिला तथा लक्षित समूहका पदाधिकारीहरूलाई तालिमको व्यवस्था छ? | ०–१ | ०.५ |
| ग | क्षमता विकास कार्यक्रम र बजेटको बाँडफाँड तथा प्राथमिकीकरण र स्थान छनौट लागि छलफल गर्ने प्रकृयामा महिला र पुरुष सरोकारवालाहरूलाई समान रुपमा सहभागी गराइन्छ? (वडा स्तरसम्म) | ०–१ | १ |
| घ | अभिवृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरू (प्राविधिक तालिमहरू, क्षमता विकास तालिम, भ्रमण) छन्? सो अनुसारको बजेट विनियोजन गरिएको छ? | ०–१ | ०.५ |

| क.सं. | सूचक तथा उप–सूचकहरु | अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| **२.३** | **गाउँपालिकाको क्षमता विकास कार्ययोजना** | **४** | **२.५** |
| क | गाउँपालिकाको क्षमता विकास कार्ययोजना तयार गरेको छ? | ०–१ | १ |
| ख | के गाउँपालिकाको क्षमता विकास योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको पदाधिकारी, महिला समन्वय समिति एवं लैङ्गिकतथा समावेशी सम्पर्क व्यक्तिहरूको क्षमता विकासको व्यवस्था गरेको छ? | ०–१ | ०.५ |
| ग | के गाउँपालिकाका क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमित रुपमा गर्न बजेटको व्यवस्था गरेको छ? | ०–१ | ०.५ |
| घ | उक्त परीक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजनाका लागि पर्याप्त बजेटको व्यवस्था गरेको छ? | ०–१ | ०.५ |
| **३** | **लक्षित कार्यक्रम** | **१२** | **९** |
| **३.१** | **कार्यक्रम तर्जुमा गर्दा लक्षित समूहको सहभागिता** | **४** | **२.५** |
| क | के गाउँपालिकाले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना/तथ्याङ्क सङ्कलन गर्ने गरेको छ? (महिला, पुरुष, बालबालिका, सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडा वर्ग लगायत नेपाल सरकारले लक्षित समूह भनी तोकेका अन्य वर्ग एवं समुदायका महिला र पुरुष) | ०–१ | ०.५ |
| ख | के कार्यक्रम तर्जुमा गर्नुभन्दा अघि समुदायका महिला, बालबालिका, जनजाति, मधेशी, मुश्लिम, पिछडा वर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समूहहरूसँग बसेर समस्या केलाउने (विश्लेषण गर्ने गरिन्छ? विपन्नता स्तरीकरण भएको छ? (दुवै भए १ र एक मात्र भएमा ०.५ अङ्क दिने) | ०–१ | ०.५ |
| ग | के गाउँपालिकाको योजना लक्षित समूहहरूले तयार गरेको कार्यक्रममा आधारित हुन्छ? | ०–१ | ०.५ |
| घ | के गाउँपालिकाको योजनामा लक्षित समूहहरूको लागि छुट्टयाएको न्यूनतम बजेट (१० प्रतिशत महिला, १० प्रतिशत बालबालिका, १५ प्रतिशत सामाजिक बञ्चितीकरणमा परेको वर्गमा विनियोजन गरी उनीहरूको हितको लागि कार्यक्रम तर्जुमा गरी समयैमा बजेट खर्च गरिएको छ? | ०–१ | १ |
| **३.२** | **महिला उत्थानका लागि कार्यक्रमहरु** | **४** | **३** |
| क | महिलाहरूको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरू सञ्चालित भएका छन्? (जस्तैः सुत्केरी हुँदाको अवस्था सुधार गर्न, किशोरीहरूको लागि प्रजनन र यौन शिक्षा आदान प्रदान गर्न, एच.आई.भी. एड्स, स्तन क्यान्सर, पाठेघरको क्यान्सर र आङ्ग खस्ने अवस्था सुधार गर्न, स्वास्थ्य शिविरहरू राख्ने) | ०–१ | १ |

| क.सं. | सूचक तथा उप–सूचकहरु | अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| ख | महिलाहरूको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरू सञ्चालित भएका छन्? (जस्तैः अभिभावक शिक्षा, प्रौढ तथा किशोरी कक्षाहरू, साथी शिक्षा, कार्यमूलक प्रौढ शिक्षा, बच्चादेखि बच्चा कक्षा, आदि) | ०–१ | १ |
| ग | महिलाहरूको लागि कानुनी शिक्षा सम्बन्धी कार्यक्रमहरू सञ्चालित भएका छन्? (जस्तैः कानुनी हक अधिकार, एकल महिला, पारालिगल समिति गठन र चेलिबेटी बेचबिखन विरुद्ध कार्यक्रममा छाउपडी प्रथा विरुद्ध कार्यक्रम आदि बारे अनुशिक्षण गर्न) | ०–१ | ०.५ |
| घ | महिलाहरूको लागि कानुनी शिक्षा सम्बन्धी कार्यक्रमहरू सञ्चालिनबाट लाभान्वित भएको छन्? (जस्तैः कानुनी हक अधिकार, एकल महिला, पारालिगल समिति गठन र चेलिबेटी बेचबिखन विरुद्ध कार्यक्रममा छाउपडी प्रथा विरुद्ध कार्यक्रम आदि बारे अनुशिक्षण गर्न) | ०–१ | ०.५ |
| **३.३** | **स्थानीय सरकार सञ्चालन ऐनमा भएका प्रावधान अनुसारका कार्यक्रमहरू** | **४** | **३.५** |
| क | गाउँपालिकाको योजना तर्जुमा गर्दा लक्षित समूहहरूको सक्रिय सहभागितामा तय गर्ने गरेको छ? | ०–१ | १ |
| ख | गाउँपालिकाको योजना तर्जुमा गर्दा महिलालाई प्रत्यक्ष लाभ हुने र महिलाको लागि स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू राख्ने गरिएको छ? | ०–१ | १ |
| ग | परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्ने गराउने गरिएको छ? | ०–१ | १ |
| घ | गाउँपालिकाको योजना कार्यान्वयनबाट लक्षित समूहहरू लाभान्वित भएका छन्? | ०–१ | ०.५ |
| **४** | **लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन** | **१२** | **७** |
| **४.१** | **योजना तर्जुमामा लैङ्गिक तथा सामाजिक समावेशी विकास** | **४** | **१.५** |
| क | के गाउँपालिकाले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना/तथ्याङ्क सङ्कलन गर्ने गरेको छ? के स्थानीय निकायले खण्डीकृत तथ्याङ्कको समय समयमा अध्यावधिक गर्ने गरेको छ? | ०–१ | ०.५ |
| ख | के योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समूहहरू को छुट्टा छुट्टै अवस्था विश्लेषण र अवश्यकता पहिचान गर्ने गरिएको छ? र सो अनुसारको कार्यक्रम तय गर्ने गरिएको छ? | ०–१ | ० |
| ग | के गाउँपालिकाले योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा प्रक्रिया अवलम्बन गरी कार्ययोजना तयार पार्ने गरिन्छ? | ०–१ | ०.५ |

| क.सं. | सूचक तथा उप–सूचकहरु | अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| घ | के गत वर्षको वार्षिक योजना अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास कार्य योजनाका सबै कृयाकलापहरू सम्पन्न भए? | ०–१ | ०.५ |
| **४.२** | **योजना कार्यान्वयनमा लैङ्गिक तथा सामाजिक समावेशी विकास** | **४** | **३** |
| क | के कार्यक्रम तथा परियोजना कार्यान्वयन गर्दा सम्बन्धित समुदायका महिला तथा पुरुष वर्गहरूको सक्रिय सहभागितमा गर्ने गरिएको छ? | ०–१ | १ |
| ख | के कार्यक्रम तथा परियोजना कार्यान्वयनबाट सम्बन्धित समुदायले पूरा लाभ लिन सकेको छ? | ०–१ | ०.५ |
| ग | उपभोक्ता समितिलेगर्ने कार्यहरूमा महिला तथा लक्षित समूहको सहभागिता छ? साथै उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एक जना महिला पदाधिकारी रहेको छ? लाभान्वित समूहमा दलित, आदिवासी/जनजाति, पिछडिएका समुदाय तथा वर्ग, मधेशी, मुस्लिम आदिको उपस्थिति रहेको अवस्थामा तिनीहरूको समेत प्रतिनिधित्व रहेको छ? | ०–१ | १ |
| घ | के गाउँपालिकाले आफ्नो सम्पूर्ण कार्यक्रममा लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण गरी कार्यक्रम कार्यान्वयन गर्ने गरेको छ? | ०–१ | ०.५ |
| **४.३** | **अनुगमन र मूल्याङ्कन** | **४** | **२.५** |
| क | के गाउँपालिकाको सुपरिवेक्षण तथा अनुगमन समितिमा महिलाको सहभागिता के कम्तीमा ३३ प्रतिशत छ? | ०–१ | १ |
| ख | के गाउँपालिकामा अनुगमन, मूल्याङ्कन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका कार्यक्रमको सञ्चालनबाट महिला र पुरुष तथा विभिन्न जातजातिलाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ? | ०–१ | ०.५ |
| ग | के गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका असर अनुगमनको लागि प्रभावकारी नीति तथा पद्धति छ? | ०–१ | ०.५ |
| घ | के अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरू कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ? | ०–१ | ०.५ |
| **५** | **आन्तरिक संरचना** | **१२** | **५** |
| **५.१** | **गाउँपालिकामा महिला तथा लक्षित समूहको सहभागिता** | **४** | **०.५** |
| क | आदिवासी जनजाति विकासको लागि गठन भएको समितिमा निर्देशिका बमोजिम महिला सहभागिता छ? | ०–१ | ० |
| ख | दलित वर्ग उत्थानका लागि गठन भएको समितिमा निर्देशिका बमोजिम महिला सहभागिता छ? | ०–१ | ० |
| ग | आदिवासी जनजाति र दलित वर्ग उत्थानका विकासको लागि गठन भएको समितिको पदाधिकारीहरू, लक्षित समूहहरूको कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन कार्यमा सक्रिय भूमिका रहेको छ? | ०–१ | ० |

| क.सं. | सूचक तथा उप–सूचकहरु | अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| घ | के गाउस्तरमा महिला समन्वय समिति गठन भई गाउँपालिकामा महिलाहरूको विकासको लागि तय गरेको कार्यक्रम र बजेटको उपयोगिताको बारेमा अनुगमन गर्ने कार्यमा सक्रिय भूमिका रहेको छ? | ०–१ | ०.५ |
| **५.२** | **वित्त तथा लेखा व्यवस्थापन** | **४** | **२.५** |
| क | महिला विकासको लागि छुट्टै कोष स्थापना गरिएको छ? | ०–१ | १ |
| ख | आदिवासी जनजाति, दलित अन्य लक्षित समूहका महिलाहरूको विकासको लागि बजेटको व्यवस्था भएको छ? उनीहरूको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिएको छ? | ०–१ | १ |
| ग | लैङ्गिक डेस्कको विकासको लागि बजेटको व्यवस्था भएको छ? सो अनुसार कार्यक्रम पहिचान गरिएको छ? | ०–१ | ०.५ |
| घ | कम्प्युटरकृत लेखा प्रणाली व्यवस्थापन गरिएको छ? | ०–१ | ० |
| **५.३** | **गाउँपालिकामा गठित समिति** | **४** | **२** |
| क | के गाउँपालिका अन्तर्गत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन गरी सक्रिय रुपमा सञ्चालनमा छ? | ०–१ | ० |
| ख | गाउँ स्रोत अनुमान समिति, गाउँपालिका एकीकृत योजना तर्जुमा समिति, वडा समिति, महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता छ? | ०–१ | १ |
| ग | महिला समन्वय समिति, आदिवासी जनजाति समन्वय समिति, दलित वर्ग उत्थान समन्वय समिति, बाल क्लब पिछडा वर्ग समन्वय समितिको गठन गरी गाउँपालिकाको योजना प्रक्रियामा यस्ता समितिको सक्रिय सहभागिता सुनिश्चित गरिएको छ? | ०–१ | ०.५ |
| घ | गाउँपालिकाको कार्यक्रम कार्यान्वयन तथा अनुगमन प्रक्रियामा यी समितिहरूबाट सहभागिता हुन सक्ने गरी सुनिश्चित गरिएको छ? | ०–१ | ०.५ |
| **६** | **सुशासन** | **१२** | **६.५** |
| **६.१** | **पारदर्शीता/ जफावदेहिता** | **४** | **२** |
| क | के गाउँपालिकाले नियमित रुपमा कार्यक्रमको सार्वजनिक सुनुवाई गर्ने गर्दछ? | ०–१ | ०.५ |
| ख | के महिला, बालबालिका र आदिवासी जनजाति, मधेशी, मुश्लिम, पिछडा वर्ग, दलित, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिकलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सार्वजनिक हुने गरेको छ? | ०–१ | ०.५ |
| ग | के गाउँपालिकाको समीक्षा बठैकमा महिला, बालबालिका सबै जातजातिका विपन्न वर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडा वर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठ नागरिक लगायत) लाई लक्षित गरेर कार्यक्रम माथि छलफल गर्ने गरेको छ? | ०–१ | ०.५ |

| क.सं. | सूचक तथा उप–सूचकहरु | अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| घ | के गाउँपालिकाले महिला, बालबालिका सबै जातजातिका विपन्न वर्ग, आदिवासी जनजाति, दलित, मधेशी, मुश्लिम, पिछडा वर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठ नागरिक लगायतलाई सेवा सुविधाहरू छिटो छरितो ढङ्गबाट दिने गरेको छ? | ०–१ | ०.५ |
| **६.२** | **सूचना व्यवस्थापन** | **४** | **३** |
| क | के गाउँपालिकाले सूचना तथा अभिलेख केन्द्रमा रहेको खण्डीकृत तथ्याङ्क र सूचनालाई आधारमानि गाउँ विकास योजना तर्जुमा गर्ने गरेको छ? | ०–१ | ०.५ |
| ख | के गाउँपालिकाको सूचना तथा अभिलेख केन्द्रको विकासको लागि बजेटको व्यवस्था गरेको छ? | ०–१ | ०.५ |
| ग | के गाउँपालिकाले आ-आफ्ना क्षेत्रका पन्जीकरणको तथ्याङ्क अध्यावधिक गर्ने गरेका छन्? | ०–१ | १ |
| घ | के गाउँपालिकामा खण्डीकृत तथ्याङ्कलाई कम्प्यूटरकृत गरिएको छ? | ०–१ | १ |
| **६.३** | **सूचना शिक्षा र सञ्चार** | **४** | **१.५** |
| क | के गाउँपालिकाले रेडियो, एफ.एम. र छापा माध्यमद्वारा सूचना प्रवाह गरी जनतालाई सुसूचित गर्ने गरेको छ? | ०–१ | ० |
| ख | के गाउँस्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न वर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडा वर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठ नागरिक) लगायत अन्य लक्षित समूहहरूको सूचना, शिक्षा र सञ्चारको कार्यक्रमको प्रवाहबाट यी वर्गहरूको जनचेतनामा वृद्धि भएको छ? | ०–१ | ०.५ |
| ग | के गाउँस्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न वर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडा वर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठ नागरिक) लगायत अन्य लक्षित समूहहरूको सूचना, शिक्षा र सञ्चारको कार्यक्रमको प्रवाहबाट यी वर्गहरूको जनचेतनामा अभिवृद्धि भई यी वर्गहरूको गाउँपालिकाको विकास कार्यहरूमा सहभागिता वृद्धि भएको छ? | ०–१ | ०.५ |
| घ | के गाउँपालिकाले गाउँस्तरका पत्रकारहरूद्वारा गाउँस्तरमा सूचना प्रवाह गर्ने गर्दछ? | ०–१ | ०.५ |
| **७** | **मानव संशाधन, सम्बन्ध विस्तार** | **१२** | **३** |
| **७.१** | **मानव संशाधन व्यवस्थापन** | **४** | **०.५** |
| क | गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्बन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय श्रोत छन्? | ०–१ | ०.५ |
| ख | गाउँपालिकामा मानव संशाधन विकास केन्द्र र इकाइ छ? | ०–१ | ० |
| ग | गाउँपालिकाले वैदेशिक रोजगारीमा जाने महिलाहरूको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्ने गरका छन? | ०–१ | ० |

| क.सं. | सूचक तथा उप–सूचकहरु | अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| घ | श्रोत व्यक्ति (महिला, पुरुष) हरूको सूचीकृत अभिलेख छ? | ०–१ | ० |
| **७.२** | **सम्बन्ध विस्तार** | **४** | **१** |
| क | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न शाखा तथा कार्यालयहरू बीच कार्यगत संयन्त्र (सञ्जाल) बनेको छ? | ०–१ | ० |
| ख | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरू बीच कार्यगत छलफल गरी यस क्षेत्रको विकासको लागि नियमित रुपमा कार्य हुने गरेको छ? | ०–१ | ०.५ |
| ग | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरू बीच कार्यगत संयन्त्र (सञ्जाल) का प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्बन्धी क्षमता विकास तालिमहरू प्रदान गर्ने गरेको छ? | ०–१ | ० |
| घ | गाउँपालिकाका कर्मचारीहरूले आन्तरिक र वाह्रय श्रोत व्यक्तिहरूसँग मिलेर लैङ्गिक तथा सामाजिक प्रभाव सम्बन्धी अध्ययन गर्ने गरेका छन्? | ०–१ | ०.५ |
| **७.३** | **व्यवहारिक र रणनीतिक आवश्यकता परिपूर्ति** | **४** | **१.५** |
| क | योजना तर्जुमा गर्दा महिलाहरूको व्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल भएको छ? | ०–१ | ०.५ |
| ख | ग्रामीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिक) तयार गर्ने गरेको छ? | ०–१ | ०.५ |
| ग | लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण लागि नगरका अल्पकालीन (वार्षिक) र दीर्घकालीन (बहुवार्षिक) योजना तयार गरिएको छ? | ०–१ | ०.५ |
| घ | महिलाहरूको लागि लोक सेवा आयोग पूर्व तयारी कक्षाका लागि तालिमको व्यवस्था गरेको छ? | ०–१ | ० |
| **८** | **नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता** | **१२** | **६.५** |
| **८.१** | **नेपाल सरकारका लैङ्गिक विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन** | **४** | **२** |
| क | सहस्राब्दी विकासका लक्ष्यहरू प्राप्त गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरेको छ? | ०–१ | १ |
| ख | सहस्राब्दी विकासका लक्ष्यहरू प्राप्त गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रमहरू समयमै सम्पन्न गरेको छ? | ०–१ | ०.५ |
| ग | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका बाह्र वटा प्रतिवद्धताहरूका बारेमा गाउँपालिकाका पदाधिकारीहरू वा कर्मचारीहरूलाई जानकारी छ? सोको लागि अभिमुखीकरण गरिएको छ? | ०–१ | ०.५ |
| घ | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका बाह्र वटा प्रतिवद्धताहरूका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गने गरेको छ? | ०–१ | ० |
| **८.२** | **महिला विरुद्ध हुने सबै खाले हिंसा निर्मूल पार्ने** | **४** | **२** |

| क.सं. | सूचक तथा उप–सूचकहरु | अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| क | महिला विरुद्ध सबै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रम समयैमा सम्पन्न गरेको छ? | ०–१ | १ |
| ख | लैङ्गिक हिंसा रहित गाउँपालिका घोषणा गरेको छ? | ०–१ | ० |
| ग | १६ दिने महिला विरुद्ध सबै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू गाउँपालिकाहरूले सञ्चालन गर्ने गरेको छ? हरेक वर्ष अति उत्कृष्ट कार्य गर्ने महिलाहरूलाई सम्मान गर्ने कार्यक्रम मनाउने गरिएको छ? | ०–१ | ०.५ |
| घ | महिला हिंसा विरुद्ध शुन्य सहिष्णुता अपनाएको छ? | ०–१ | ०.५ |
| **८.३** | **नेपाल सरकारका सामाजिक समावेशीका विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन** | **४** | **२.५** |
| क | संयुक्त राष्ट्र संघीय बाल अधिकार महासन्धी १९८९ मा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरूमा रकम विनियोजन गरी कार्यक्रमहरू समयमै सम्पन्न गरेको छ? | ०–१ | ०.५ |
| ख | के गाउँपालिकाबाट समाजमा रहेको विभिन्न जातीगत छुवाछुत सम्बन्धी सामाजिक कुरिती हटाउन कार्यक्रमहरू सञ्चालन गर्ने गरको छ? | ०–१ | ०.५ |
| ग | के गाउँपालिकाबाट आदिवासी जनजातीहरूको विकासको लागि कार्यक्रमहरू यी वर्गहरूको सहभागितामा सञ्चालन गर्ने गरको छ? | ०–१ | १ |
| घ | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धी कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्र संघीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा गाउँपालिकाको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन गरेको छ? | ०–१ | ०.५ |

नोट : ० = शुन्य, ०.५ = ठिक्कै, १ = राम्रो

२.२ सूचक तथा उपसूचकको आधारमा प्राप्ताङ्क

जम्मा ८ वटा सूचकको ३/३ वटा उपसूचकका आधारमा मूल्याङ्कन गर्दा कुल ९६ अङ्कमा ५२ अङ्क प्राप्त गरेको थियो। ती सूचक अनुसार प्राप्त गरेको अङ्कलाई तालिका २ मा प्रस्तुत गरिएको छ।

## तालिका २ : सूचक तथा उपसूचकहरूको आधारमा प्राप्ताङ्क

| क.सं. | सूचक तथा उपसूचकहरु | प्राप्ताङ्क | कुल अङ्क |
|---|---|---|---|
| १ | स्थानीय तहको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास | ९ | १२ |
| २ | स्थानीय तहको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूलप्रवाहीकरण | ६ | १२ |
| ३ | लक्षित कार्यक्रम | ९ | १२ |
| ४ | लैङ्गिक तथा सामाजिक समावेशी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन | ७ | १२ |

| क्र.सं. | सूचक तथा उपसूचकहरु | प्राप्ताङ्क | कुल अङ्क |
|---|---|---|---|
| ५ | आन्तरिक संरचना | ५ | १२ |
| ६ | सुशासन | ६.५ | १२ |
| ७ | मानव संशाधन र सम्बन्ध विस्तार | ३ | १२ |
| ८ | नेपाल सरकारका लैङ्गिक तथा सामाजिक विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन | ६.५ | १२ |
| | **जम्मा** | **५२** | **९६** |

## २.३ माकुरी जालोको चित्रद्धारा प्रस्तुति

क्षेत्रगत सूचकहरुको आधारमा भन्नुपर्दा सबैभन्दा उच्च अङ्क (९) लक्षित कार्यक्रम र सुशासनमा प्राप्त गरेको छ । सबैभन्दा कम अङ्क (३) मानव संशाधन र सम्बन्ध विस्तारमा प्राप्त गरेको छ । गाउँपालिकाले प्राप्त गरेको अङ्कको आधारमा भन्नुपर्दा यस गाउँपालिकाले प्राप्त गरेको अङ्क सन्तोषजनक मान्न सकिन्छ । मूल्याङ्कनको नतिजालाई माकुरी जालोमा प्रस्तुत गर्दा तलको चित्र प्राप्त भएको छ ।

**माकुरी जालोको चित्र**



## २.४ सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरु

गाउँपालिकाको सबै निकायहरूको सम्पूर्ण कर्मचारी र निर्वाचित जनप्रतिनिधि पदाधिकारीहरू समेतको उपस्थितिमा लै.स.सा.स. परीक्षण कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । उच्च एव पूर्णाङ्क अङ्क प्राप्तलाई सवल पक्ष र त्यसभन्दा कम प्राप्ताङ्कलाई सुधार गर्नुपर्ने पक्षमा राखिएको थियो । यस सम्बन्धी विस्तृत विवरण तालिका ३ मा प्रस्तुत गरिएको छ ।

सवल पक्ष र सुधार गर्नुपर्ने पक्षहरू

| क्र.सं. | सवल पक्षहरु एवं हालको अवस्था | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|---|
| **१** | **गाउँपालिकाको नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (आवधिक र वार्षिक योजनामा)** | |
| **१.१** | **गाउँपालिकाको नीति र योजनामा समानता तथा सामाजिक समावेशी विकास (आवधिक र वार्षिक योजनामा)** | |
| क | गाउँपालिकाको नीतिमा महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण सम्बन्धी स्पष्ट दीर्घकालीन सोंच वा परिकल्पना भएको | महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण सम्बन्धी स्पष्ट दीर्घकालीन सोंच वा परिकल्पनाले पारेको प्रभाव सूचकको आधारमा समीक्षा गर्नुपर्ने |
| ख | गाउँपालिकाको उद्देश्यले महिला र पुरुष बीच समानता तथा सामाजिक समावेशीकरणका कुराहरूलाई समेटेको छ । | उद्देश्य अनुसार कार्यक्रम तय गर्नुपर्ने |
| ग | महिला र पुरुष बीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि संस्थाको निश्चित कार्यनीति नभएको | महिला र पुरुष बीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि संस्थाको निश्चित कार्यनीति बनाउनु पर्ने |
| घ | महिला र पुरुष बीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि संस्थाको निश्चित रणनीति तयार भएको | महिला र पुरुष बीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि संस्थाको निश्चित रणनीति अनुसार कार्यक्रम गर्नुपर्ने । |
| **१.२** | **महिला पुरुष समविकास ( कर्मचारी/पदाधिकारी)** | |
| क | गाउँपालिकाका कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, वर्ग लिङ्ग र समुदायका बीच समावेशीकरण हुने गरी कर्मचारीहरूको प्रतिनिधित्व हुन सक्ने रणनीति लिइएको र सोही अनुसार पदपूर्ति हुने गरेको | प्रदेश लोक सेवा आयोगसँग कर्मचारी माग गर्दा सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी माग गर्नुपर्ने |
